नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सरावल गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं.: ६९२०
मिति: २०८०/०१/१३
हस्ताक्षर:
समय:

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना नं. ३३/२०७९/८०

सूचना प्रकाशित मिति: २०८०/०१/१२

यस एकाइको चालु आ.व. २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्रमा तपशिलका कार्यक्रम संचालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/निजी फर्म/कम्पनीहरुले निम्न आवश्यक कागजात सहित मिति २०८० बैसाख २६ गते भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै कार्यक्षेत्र एवम् प्रस्तावको लागि न्यूनतम मापदण्ड सम्बन्धी थप जानकारी कार्यालयको वेबसाइट तथा कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

तपशिल:

| क्र. सं. | कार्यक्रम विवरण | लक्ष्य संख्या | स्वीकृत बजेट (रु. लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | धान बालीको मसिनो तथा बासनादार क्षेत्र विस्तार कार्यक्रम | १०० हेक्टर | ५.० | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भर (सुपर जोन/जोन क्षेत्र भित्रका संस्थाहरुलाई प्राथमिकता) | धान बालीको मसिनो तथा बासनादार क्षेत्र विस्तारको लागि कम्तीमा १० कठ्ठा क्षेत्रफलको लागि नेपाल सरकारद्वारा सूचिकृत मसिनो तथा बासनादार धानको बीउमा बढिमा ५० % अनुदान सहयोग |
| २ | गहुँ जोन प्रभाव क्षेत्रमा मसिना धानको क्षेत्रफल विस्तार | २०० हेक्टर | २०.० | गहुँ जोन, रुपन्देही र नवलपरासी (ब.सु.प) को कार्यक्षेत्र भित्र | मसिना धानको क्षेत्रफल विस्तारको लागि कम्तीमा १ हेक्टर क्षेत्रफलको लागि नेपाल सरकारद्वारा सूचिकृत मसिना धानको बीउमा बढिमा ५० % अनुदान सहयोग |
| ३ | सामुदायिक सिंचाई पुर्वाधार निर्माण | १ वटा | ४.६ | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | सामुदायिक सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भारमा बढिमा ५० % अनुदान सहयोग (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ४ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि पूँजिगत सहयोग (Land consolidation/Crop consolidation/यन्त्र मैत्री गहा सुधार) | १ पटक | १५.० | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भर (सुपर जोन/जोन क्षेत्र भित्रका अनुदानग्राहीहरुलाई प्राथमिकता) | चक्लाबन्दी खेती (बर्षे धानको क्षेत्रफल विस्तार तथा बिउ वृद्धि/केरा/बर्षे तरकारी, आदि) गर्न यन्त्र मैत्री गहा सुधार तथा यान्त्रिकरण मेशिनरीको लागि पूँजिगत सहयोग (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ५ | जोन/सुपरजोन क्षेत्रमा साना सिंचाइ पूर्वाधार निर्माण कार्यक्रम | ५ वटा | ५.० | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | स्यालो तथा मझौला ट्युबवेल जडानमा बढिमा ५०% अनुदान सहयोग |

आवश्यक कागजातहरु

१. रु. १० को हुलाक टिकट टाँसेको निर्धारित ढाँचाको आवेदन सहित रितपूर्वक भरेको प्रस्ताव माग फारम ।
२. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/निजी फर्म/कम्पनी को बैठकबाट आवेदन पेश गर्ने निर्णयको प्रतिलिपि ।
३. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/निजी फर्म/कम्पनी को दर्ता प्रमाणपत्रको प्रतिलिपी।
४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/निजी फर्म/कम्पनी को आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि ।

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)